२८

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त किरणकुमार पोखरेल

## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४१३/२०७१/०७२

अर्घाखाँची जिल्ला नयाँ बसपार्क लाइन सन्धिखर्क १ बस्ने मुक्तिनाथ भुषाल ........................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ..................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ..................................................१

विषय :- माग अनुसारको सूचना उपलब्ध गराउने ।

अर्घाखाँची जिल्ला नयाँ बसपार्क लाइन सन्धिखर्क १ बस्ने मुक्तिनाथ भुषालले जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ। ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ। तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, अर्घाखाँचीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. गत आ.व. ०७०। ०७१ र चालु आर्थिक वर्षको स्टेशनरी सामान खरिदका लागि सो कार्यालयले सुचिकृत गरिएका सप्लायर्सहरु कति थिए ? नामावलीको प्रमाणित प्रतिलिपि ।

२. सुचिकृत गरिएका मध्ये कुन आपुर्तिकर्ताबाट कुन कम्पनिको के के सामान खरिद गरिएको थियो ? आर्थिक वर्ष ०७०/०७१ र चालु आर्थिक बर्षको पहिलो चौमासिकसम्मको अलग अलग विवरणको प्रमाणित प्रतिलिपि ।

राष्ट्रिय सूचना आयोग

३. खरीद गरिएका स्टेशनरी सामानहरुको भुक्तानी बिल भर्पाइको प्रमाणित प्रतिलिपि । आर्थिक बर्ष ०७१/०७० र चालु आर्थिक बर्षको पहिलो चौमासिकसम्मको ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुत्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।